## रोङ गाउँपालिका

# रोङ राजपत्र

खण्डः ३ | संख्याः ५ | प्रकाशित मितिः २०७६/०८/१९

### भाग-१

# रोङ गाउँपालिकाको न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन, २०७५ मा संशोधन (संशोधित अंशमात्र)

रोङ गाउँपालिका
२०७३

न्यायिक समितिले उजुरीको कारवाही किनारा गर्दा अपनाउनुपर्ने कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐनमा तल लेखिए बमोजिम संशोधन भएको हुनाले सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

**यस रोङ गाउँपालिकाको गाउँसभाबाट पारित न्यायिक समितिले उजुरीको कारबाही किनारा गर्दा अपनाउनु पर्ने कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐनमा भएका व्यवस्थाहरुमा तपसिल बमोजिम संशोधन गरिएको छ।**

(न्यायिक समितिले उजुरीको कारवाही किनारा गर्दा अपनाउनुपर्ने कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक) भन्ने ऐनको नाम उल्लेख भएकोमा (विधेयक शब्दको सट्टा ऐन, २०७५ शब्द राखी) संशोधन गरिएको छ ।

परिच्छेद-१ दफा १ उपदफा (१) मा यस ऐनको नाम "रोङ गाउँपालिकाको न्यायिक समिति (कार्यवधि सम्बन्धी) ऐन, २०७४" रहेकोमा (रोङ गाउँपालिकाको न्यायिक समिति (कार्यवधि सम्बन्धी) ऐन, २०७५) भनी संशोधन गरिएको छ ।

दफा २ (खण्ड (फ) र (ब) का बीचमा देहाय बमोजिमको खण्ड (ब), (भ), (म) र (य) थप गरी खण्ड (ब) लाई (र), (भ) लाई (ल) र (म) लाई (व) कायम गरिएको छ ।

(ब) "मेलमिलाप केन्द्र" भन्नाले न्यायिक समितिद्वारा स्थानीय सरकार संचालन ऐनको दफा ४९ को उपदफा (१०) बमोजिम मेलमिलाप गराउने प्रयोजनको लागि खडा गरिएको मेलमिलाप केन्द्रलाई जनाउनेछ ।

(भ) "सामुदायिक मेलमिलाप केन्द्र" भन्नाले मेलमिलाप सम्बन्धी कार्य गर्न मेलमिलाप परिषद्बाट स्वीकृति प्राप्त संस्थाद्वारा स्थानीय सरकारको अनुमती लिई स्थापना गरिएको मेलमिलाप केन्द्र सम्झनुपर्छ

(म) "मेलमिलाप" भन्नाले पक्षहरूले मेलमिलापकर्ताको सहयोगमा विवाद वा मुद्दाको निरुपण गर्न अपनाइने प्रक्रिया सम्झनु पर्छ ।

(य) "मेलमिलापकर्ता" भन्नाले पक्षहरूबीचको विवादमा मेलमिलाप गर्नका लागि उत्प्रेरित गर्न मेलमिलाप सम्बन्धी प्रचलित कानून बमोजिम नियुक्त मेलमिलापकर्ता सम्झनु पर्छ ।

परिच्छेद-३ दफा ८ उपदफा (१) मा (कसै उपर बिवाद दर्ता गर्दा वा उजुरी चलाउँदा प्रचलित कानून बमोजिम हकदैया पुगेको व्यक्तिले न्यायिक समिति समक्ष उजुरी दर्ता गर्न सक्नेछ ।) भन्ने उल्लेख भएकोमा

देहाय बमोजिमको संशोधन सहित उपदफा २ को व्यवस्था थप गरिएको छ । (स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४७ (१) अन्तर्गतको दर्ता हुन आएको उजुरी अनुसूची- १ बमोजिम र दफा ४७ (२) अन्तर्गतको दर्ता हुन आएको उजुरी अनुसूची–१ (क) बमोजिमको ढाँचाको दर्ता किताबमा न्यायिक समितिले दर्ता गरी राख्नु पर्नेछ ।

(२) मेलमिलाप गर्ने प्रयोजनको लागि कार्यपालिकाको परामर्शमा न्यायिक समितिद्वारा प्रत्येक वडामा मेलमिलाप केन्द्र गठन गरी मेलमिलाप केन्द्र रहनेछ । न्यायिक समितिद्वारा गठन गरिएको मेलमिलाप केन्द्रमा समेत हकदैया पुगेको व्यक्तिले उजुरी दर्ता गर्न सक्नेछ ।)

उपदफा (२) मा उपदफा (१) बमोजिम उजुरी दिँदा यस ऐन तथा प्रचलित कानून बमोजिम खुलाउनु पर्ने कुरा सबै खुलाई तथा पुऱ्याउनुपर्ने प्रक्रिया सबै पूरा गरी अनुसूची-१ बमोजिमको ढाँचामा दिनुपर्नेछ । भन्ने उल्लेख भएकोमा उपदफा (२) लाई उपदफा (३) कायम गरी देहाय बमोजिम संशोधन सहित थप गरिएको छ ।

**(३) उपदफा (१) वा (२) बमोजिम उजुरी दिंदा यस ऐन तथा प्रचलित कानून बमोजिम खुलाउनुपर्ने कुरा सबै खुलाई तथा पुऱ्याउनुपर्ने प्रक्रिया सबै पूरागरी उपदफा (१) को हकमा अनुसूची-१(ख) र उपदफा (२) को हकमा अनुसूची (१) (ग) बमोजिमको ढाँचामा दिनुपर्नेछ।**

**दफा ८ उपदफा (५) भन्दा तल देहायबमोजिम उपदफा (६), (७) र (८) मा भएका व्यवस्थाहरु थप गरिएको छ।**

(६) दफा ८ को उपदफा (२) बमोजिमको मेलमिलाप केन्द्रमा उजुरी दर्ता गर्न देहाय बमोजिमको अवस्था रहेको भएमा मात्र दर्ता गर्न सकिनेछ।

(क) विवादका दुबै पक्ष एकै वडामा बसोबास गरिरहेको, वा

(ख) अचल सम्पत्ति समावेश रहेको विषयमा सो अचल सम्पत्ति सम्बन्धित वडाको भौगोलिक क्षेत्रभित्र रहेको, वा

(ग) कुनै घटनासँग सम्बन्धित विषयवस्तु भएमा सो घटना सम्बन्धित वडाको भौगोलिक क्षेत्रभित्र भएको हकमा मात्र उजुरी दर्ता गर्न सक्नेछ।

(७) मेलमिलाप केन्द्रको व्यवस्थापन गर्न कार्यपालिकाले वा कार्यपालिकाको परामर्शमा न्यायिक समितिले सम्बन्धित वडाका वडाध्यक्षलाई वा तोकिएको व्यक्तिलाई संयोजनकारी कार्य गर्न लगाउन सक्नेछ। मेलमिलाप केन्द्रमा उजुरी दर्ता कर्मचारीको व्यवस्थापन कार्यपालिकाले गर्नु पर्नेछ।

(८) कसै उपर बिवाद दर्ता गर्दा वा उजुरी चलाउँदा प्रचलित कानून बमोजिम हकदैया पुगेको व्यक्तिले मेलमिलाप केन्द्रमा उजुरी दर्ता नगरी न्यायिक समिति समक्ष सिधै उजुरी दर्तागर्न कुनै बाधा पुऱ्याएको मानिने छैन।

उपदफा ८. बिवाद दर्ता गरी निस्सा दिने : को उपदफा (१) मा **समितिमा दर्ता भएको विवादमा उजुरी प्रशासकले र मेलमिलाप केन्द्रमा दर्ता भएका विवादमा उजुरी दर्ता कर्मचारीले दफा ८ बमोजिम प्राप्त उजुरी दर्ता गरी (बादीलाई) भन्ने व्यवस्था उल्लेख भएकोमा**

दफा ९ उपदफा (१) मा समितिमा दर्ता भएको विवादमा उजुरी प्रशासकले र मेलमिलाप केन्द्रमा दर्ता भएका विवादमा उजुरी दर्ता कर्मचारीले दफा ८ बमोजिम प्राप्त उजुरी दर्ता गरी **बादी** लाई तारेख तोकी अनुसूची-२ बमोजिमको ढाँचामा बिवाद दर्ताको निस्सा दिनुपर्नेछ। **भन्ने व्यवस्था उल्लेख भएकोमा बादी भन्ने स्थानमा प्रथमपक्ष भनि स्रशोधन गरिएको छ। र दफा १५ को उपदफा (१) मा प्रतिवादी भन्ने शब्दको स्थानमा दोस्रोपक्ष भनि संशोधन गरिएको छ।**

**परिच्छेद- ५ को दफा ३९ को उपदफा (३) र (४) मा (स्थानीय ऐनको) भनि उल्लेख भएकोमा (स्थानीय सरकार संचालन ऐन) भनी संशोधन गरिएको छ र प्रत्येक (स्थानीय ऐन) भनि उल्लेखित स्थानमा (स्थानीय सरकार संचालन ऐन) भनि थप गरिएको छ।**

**परिच्छेद-८ दफा** ५४ को उपदफा (४) र (५) को बीचमा उपदफा (५),(६),(७) र (८) को व्यवस्थाहरु देहाय बमोजिम थप गरिएको छ।

**(५) दफा ८ को उपदफा २ बमोजिम मेलमिलाप केन्द्रमा दर्ता भएको उजुरीको हकमा सम्बन्धित मेलमिलाप केन्द्रबाट मेलमिलापको माध्यमद्वारा पक्षहरु बीच मेलमिलाप गराउनु पर्नेछ। मेलमिलाप केन्द्रबाट मिलापत्र गरी न्यायिक समिति समक्ष पक्षहरु मिलापत्र प्रमाणित गरि मागन आएमा समितिले मिलापत्र प्रमाणित गरिदिनु पर्नेछ।**

**(६) मेलमिलाप केन्द्रमा दर्ता भएका विवादको अभिलेख सुरक्षित राख्नु पर्नेछ। मेलमिलाप केन्द्रमा दर्ता भएको विवादको सक्कल अभिलेख बमोजीमको नक्कल अभिलेख खडा गरि छाप लगाई मेलमिलाप केन्द्रले वडा अध्यक्ष मार्फत न्यायिक समितिमा मासिक रुपमा पेश गर्नु पर्नेछ।**
**(७) विवादका पक्षहरु बीच मेलमिलाप केन्द्रमा मिलापत्र हुन नसकेमा सम्बन्धित पक्षलाई तारिख तोकी सम्पूर्ण मिसिल कागजात समेत न्यायिक समिति समक्ष पठाउनु पर्नेछ। सो मिसिल प्राप्त भएपछि विवादका पक्ष न्यायिक समितिमा हाजिर भएमा वा हाजिर नभई म्याद नघाई बसेमा समेत न्यायिक समितिले कानून बमोजिम तोकिएको प्रक्रिया अनुसारको कार्य गर्नुपर्नेछ।**
**(८) न्यायिक समितिमा दर्ता भएका विवाद मेलमिलाप गराउनका लागि समितिले मेलमिलाप केन्द्रमा पठाई मेलमिलाप गराउन सक्नेछ।)**

(९) मेलमिलाप सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**दफा ५८ उपदफा (१) मा** खण्ड (क) देखि (ङ) सम्मको व्यवस्था भएकोमा देहाय बमोजिम खण्ड (च) को व्यवस्था थप गरिएको छ।

(च) **(तर माथी खण्ड (क) मा योग्यता सम्बन्धी जुनसुकै कुरा लेखिएको भएतापनि न्यायिक समितिमा दर्ता भएका तथा न्यायिक समितिद्वारा स्थापना गरिएका मेलमिलाप केन्द्रमा दर्ता भएका विवादहरुमा मेलमिलाप कार्य गराउनका लागि आठ कक्षा उत्तीर्ण गरेको र मेलामिलाप सम्बन्धी तालीम सञ्चालन गर्न अनुमती प्राप्त संस्थाबाट तालीम लिई खण्ड (ख), (ग), (घ) र (ङ) बमोजिमको योग्यता भएका व्यक्तिलाई वा यो ऐन प्रारम्भ हुनुपूर्व मेलमिलाप सम्बन्धी तालीम लिई हाल काम गरिरहेकाको हकमा निजलाई मेलमिलापकर्ताको रुपमा सूचीकृत गर्न वाधा पुर्‍याएको मानिने छैन।)**

दफा ७० को उपदफा (२) मा उपदफा (१) मा (**जुनसुकै कुरा लेखिएको भए तापनि देहाय बमोजिमको उजुरीमा अधिकार क्षेत्र ग्रहण गर्ने सम्बन्धित अदालत वा निकायमा उजुरी गर्न जानु भनि सुनाई पठाईदिनुपर्छ )** भन्ने व्यवस्था उल्लेख भएकोमा सम्बन्धित वा निकायमा भन्ने शब्दका पछि देहाय बमोजिमका व्यवस्था र उपदफा (४) थप गरिएको छ।

दफा ७०. उपदफा (२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहाय बमोजिमको उजुरीमा अधिकारक्षेत्र ग्रहण गर्ने सम्बन्धित अदालत वा निकायमा (**जानु भनि सुनाई पक्षहरुलाई तारेख तोकी पठाइदिनुपर्नेछ र मिसिल कागज समेत सम्बन्धित अदालत वा निकायमा पठाउनुपर्नेछ।)**

उपदफा **(४) स्थानीय सरकार संचालन ऐनको दफा ४७ अन्तर्गतका विवादका विषयहरु प्रचलित कानून तथा स्थानीय सरकार संचालन ऐनले तोके बमोजिमको हदम्याद भित्र न्यायिक समिति वा न्यायिक समितिले तोकेको मेलमिलाप केन्द्रमा दर्ता भएका उजुरी हदम्याद भित्रै दर्ता भएको मानिनेछ ।**

**दफा ७१ मा** मेलमिलापकर्ताले पक्षहरुबाट (**बढीमा रु ५००।-)** लिन पाउनेछन् । भन्ने व्यवस्था उल्लेख भएकोमा देहाय बमोजिम **रु १००। लिन पाउने** गरी संशोधन गरिएको छ।

**दफा ७२.** मा **समुदाय स्तरमा हुने सामुदायिक मेलमिलाप प्रवर्धन गर्न कर्मचारी तोक्न सक्नेः** ((१) समितिले स्थानीय स्तरमा मेलमिलाप प्रबर्द्धन गर्नको लागि कार्यपालिकामा अनुरोध गरेमा कर्मचारी खटाई समुदाय स्तरमा

मेलमिलापको प्रबर्द्धनात्मक कार्यक्रम गर्न सकिनेछ ।)  भन्ने व्यवस्था उल्लेख भएकोमा देहाय बमोजिमको व्यवस्था थप गरी संशोधन गरिएको छ ।

**(दफा ७२. सामुदायिक मेलमिलाप सम्बन्धी : (१) प्रचलित कानून बमोजिम मेलमिलाप सम्बन्धी कार्य गर्न मेलमिलाप परिषद्बाट स्वीकृति प्राप्त संस्थाले स्थानीय सरकारको अनुमती लिई मेलमिलाप केन्द्र खोल्न सक्नेछ । सामुदायिक मेलमिलाप केन्द्रमा दर्ता भएका विवादमा मिलापत्र भई न्यायिक समिति समक्ष पक्षहरु मिलापत्र प्रमाणित गरी माग्न आएमा समितिले मिलापत्र प्रमाणित गरिदिन सक्नेछ । सामुदायिक मेलमिलाप केन्द्रमा दर्ता भएका विवादको अभिलेखको सक्कल बमोजिमको नक्कल अभिलेख खडा गरी मेलमिलाप केन्द्रको छाप लगाई सम्बन्धित मेलमिलाप केन्द्रले वडाध्यक्ष मार्फत मासिक रुपमा न्यायिक समितिमा पेश गर्नुपर्नेछ । )**

**(उपदफा (३) न्यायिक समितिले सामुदायिक मेलमिलापको लागि छुट्टै कार्यविधि बनाउन सक्नेछ । तर मेलमिलाप सम्बन्धी कार्य गर्ने संस्थाले प्रचलित कानूनको अधीनमा रही आफ्नो छुट्टै कार्यविधि तयार गरी अवलम्वन गर्न यस दफाले कुनै बाधा पुर्‍याएको मानिने छैन । )**

**परिच्छेद - ९ दफा (७८) को उपदफा (१) अभिलेख प्रशासकले दफा ७५ वा ७६ बमोजिम निर्णय कार्यान्वयनको लागि निवेदन परेपछि देखाइएको सम्पत्तिको हकमा आवश्यक पर्ने जति जायजेथा रोक्का राख्ने सम्बन्धमा निर्णयको लागि (कार्यपालिका) समक्ष पेश गर्ने)** भन्ने व्यवस्था उल्लेख भएकोमा

**(दफा ७९. जेथा रोक्का राख्ने सम्बन्धमा निर्णयको लागि (न्यायिक समिति) समक्ष पेश गर्ने)** भनी संशोधन गरिएको छ ।

**(अनुसूचीमा भएका व्यवस्थाहरुलाई तपशिलमा उल्लेख गरिए बमोजिम स्रशोधन तथा थप गरिएको छ ।)**

अनुसूची–१

(दफा ८ को उपदफा (१) सँग सम्बन्धित)

# रोङ गाउँपालिका

# न्यायिक समिति

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४७ (१) अर्न्तगतको

विवाद/मुद्धा दायरी किताव

२०.......साल साउन देखि २०......साल असार मसान्त सम्मको ।

| क्र.सं. | मु.नं.. | दर्ता मिति | निवेदक/वादीको दस्तखत | वादीको(प्रथम पक्ष) नाम, थरा, वतन | प्रतिवादीको (दोस्रो पक्ष) नाम, थर, वतन | विवाद/ मुद्धा | फाँटवालाको नाम र सही | बिगो अङ्क | कोर्ट फि, दस्तुर | प्रतिउत्तर परेको वा म्याद समाप्त भएको मिति | मिलापत्र /फैसला मिति | फैसला गर्ने न्यायिक समिति सदस्यको नाम | फैसलाको किसिम | अभिलेख मिसिल बुझ्ने कर्मचारीको सही | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | | | | | | | | | |
| २. | | | | | | | | | | | | | | | |
| ३. | | | | | | | | | | | | | | | |
| ४. | | | | | | | | | | | | | | | |

अनुसूची–१ (क)

(दफा ८ को उपदफा (१) सँग सम्बन्धित)

# रोङ गाउँपालिका

# न्यायिक समिति

## स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ (२) अन्तर्गतको

## विवाद/मुद्दा दायरी किताव

## २०.......साल साउन देखि २०......साल असार मसान्त सम्मको ।

| क्र.सं. | मु. नं. | दर्ता मिति | निवेदक/वादीको दस्तखत | निवेदक/वादी (प्रथम पक्ष) को नाम, थर, वतन | प्रतिवादी (दोस्रो पक्ष) को नाम, थर, वतन | विवाद/मुद्दा | फाँटवालाको नाम र सही | बिगो अङ्क | कोर्ट फि, दस्तुर | प्रतिउत्तर परेको वा म्याद समाप्त भएको मिति | मिलापत्र मिति | अभिलेख मिसिल बुझ्ने कर्मचारीको सही | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | | | | | | | |
| २. | | | | | | | | | | | | | |
| ३. | | | | | | | | | | | | | |
| ४. | | | | | | | | | | | | | |

**अनुसूची - १ (ख)**
**(दफा ८ को उपदफा (३) सँग सम्बन्धित)**
**न्यायिक समिति समक्ष दर्ता गरिने उजुरीको ढाँचा**
**रोङ गाउँपालिका न्यायिक समिति समक्ष पेश गरेको**
**निवेदन-पत्र**

.......जिल्ला .........गाँउपालिका/नगरपालिका वडा नं. ....वस्ने ......को नाती/नातीनी ......को छोरी/छोरा/श्रीमती वर्ष.....को........................................................... निवेदक (प्रथम पक्ष)

विरुद्ध

.......जिल्ला .........गाँउपालिका/नगरपालिका वडा नं. ....वस्ने ......को नाती/नातीनी ......को छोरी/छोरा/श्रीमती वर्ष.....को........................................................... विपक्षी (दोस्रो पक्ष)

विवाद/मुद्धाः ................................

म निम्न वुँदाहरुमा लेखिए वमोजिम निवेदन गर्दछु

१. ......................................................................................................................................................... ।

२. यस समितिबाट दोस्रो पक्ष झिकाई जे जो वुझ्नुपर्छ वुझी विवाद निरुपण गराईपाउँ ।

३. यस गाउँपालिका/नगरपालिकाबाट जारी भएको स्थानीय न्यायिक कार्यविधिको दफा ....वमोजिम निवेदन दस्तुर रु ......, दोस्रो पक्ष ... जनालाई म्याद सूचना दस्तुर रु ........, पाना ... को निवेदनको प्रतिलिपी दस्तुर रु ............ समेत गरी जम्मा रु ......यसै निवेदनसाथ दाखिल गरेको छु ।

४. यो निवेदन स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ......... अनुसार यसै समितिको अधिकारक्षेत्रभित्र पर्दछ ।

५. यो निवेदन हदम्यादभित्रै छ र म निवेदकलाई यस विषयमा निवेदन दिने हकदैया प्राप्त छ ।

६. यस विषयमा अन्यत्र कहीं कतै कुनै निकायमा कुनै प्रकारको निवेदन दिएको छैन ।

७. यसमा मेरो/हाम्रो निम्न साँक्षी बुझिपाऊँ ।

(क) जिल्ला ...................... गाउँपालिका/नगरपालिका........................... वडा नं. .... बस्ने ............ वर्षको .........................................................................

(ख) जिल्ला ...................... गाउँपालिका/नगरपालिका........................... वडा नं. .... बस्ने ............ वर्षको .........................................................................

(ग) जिल्ला ...................... गाउँपालिका/नगरपालिका........................... वडा नं. .... बस्ने ............ वर्षको .........................................................................

८. यसमा लेखिएका व्यहोरा ठिक साँचो सत्य हुन, झुठा ठहरे कानून वमोजिम संजाय भोग्न तयार छु ।

निवेदक
नामः .............................
सहीः

इति संवत् ............ साल...................महिना...............गते............रोज शुभम् ।

**अनुसूची-१ (ग)**

**(दफा ८ को उपदफा (३) सँग सम्बन्धित)**

**मेलमिलाप केन्द्रमा दर्ता गरिने उजुरीको ढाँचा**

**रोङ गाँउपालिका**

**न्यायिक समिति**

**मेलमिलाप केन्द्र वडा नं....**

**मेलमिलाप केन्द्र समक्ष पेश गरेको**

**निवेदन-पत्र**

.......जिल्ला .........गाँउपालिका/नगरपालिका वडा नं. ....वस्ने ......को नाती/नातीनी ......को छोरी/छोरा/श्रीमती वर्ष.....को............................................................ निवेदक (प्रथम पक्ष)

विरुद्ध

.......जिल्ला .........गाँउपालिका/नगरपालिका वडा नं. ....वस्ने ......को नाती/नातीनी ......को छोरी/छोरा/श्रीमती वर्ष.....को............................................................ विपक्षी (दोस्रो पक्ष)

विवाद/मुद्धाः ................................

म निम्न वुँदाहरुमा लेखिए वमोजिम निवेदन गर्दछु

१. ............................................................................................................................................................................................................................................... ।

२. यस समितिबाट दोस्रो पक्ष झिकाई जे जो वुझ्नुपर्छ वुझी विवाद निरुपण गराईपाउँ ।

३. यस गाउँपालिका/नगरपालिकाबाट जारी भएको स्थानीय न्यायिक कार्यविधिको दफा ....वमोजिम निवेदन दस्तुर रु ......, दोस्रो पक्ष ... जनालाई म्याद सूचना दस्तुर रु ........, पाना ... को निवेदनको प्रतिलिपी दस्तुर रु ............ समेत गरी जम्मा रु ......यसै निवेदनसाथ दाखिल गरेको छु ।

४. यो निवेदन स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ......... अनुसार यसै समितिको अधिकारक्षेत्रभित्र पर्दछ ।

५. यो निवेदन हदम्यादभित्रै छ र म निवेदकलाई यस विषयमा निवेदन दिने हकदैया प्राप्त छ ।

६. यस विषयमा अन्यत्र कहीँ कतै कुनै निकायमा कुनै प्रकारको निवेदन दिएको छैन ।

७. यसमा मेरो/हाम्रो निम्न साँक्षी बुझिपाऊँ ।

(क) जिल्ला ...................... गाउँपालिका/नगरपालिका.......................... वडा नं. .... बस्ने ............ वर्षको ......................................................................

(ख) जिल्ला ...................... गाउँपालिका/नगरपालिका.......................... वडा नं. .... बस्ने ............ वर्षको ......................................................................

(ग) जिल्ला ...................... गाउँपालिका/नगरपालिका.......................... वडा नं. .... बस्ने ............ वर्षको ......................................................................

८. यसमा लेखिएका व्यहोरा ठिक साँचो सत्य हुन झुठा ठहरे कानून वमोजिम संजाय भोग्न तयार छु ।

निवेदक

नामः .............................

सहीः

इति संवत् ............ साल..................महिना......................गते....................रोज शुभम् ।

**अनुसूची-११**
**(दफा ६० को उपदफा (३) सँग सम्बन्धित)**

**मेलमिलापकर्तामा सूचीकृत हुने निवेदन ढाँचा**

**न्यायिक समिति**

**............ गाउँपालिका समक्ष पेश गरेको**

**निवेदन**

**विषयः मेलमिलापकर्तामा सूचीकृत हुन पाउँ ।**

प्रस्तुत विषयमा तपसिलमा उल्लेखित कागजातहरुको प्रतिलिपी साथै राखी ............ गाउँपालिका/नगरपालिकाको न्यायिक समिति अन्तर्गतका ........... मेलमिलाप केन्द्रमा सूचीकृत भई मेलमिलाप गराउन अनुमती पाउँ भनी निवेदन गर्दछु ।

**तपसिल**

१) नागरिकता प्रमाणपत्रको छाँयाकपी,

२) स्नातक तहसम्म उत्तीर्ण गरेको शैक्षिक प्रमाणपत्रको छाँयाकपी,

३) मेलमिलापकर्ताको तालीम प्राप्त गरेको प्रमाणपत्रको छायाँकपी,

४) मेलमिलाप सम्बन्धी अनुभव र

५) व्यक्तिगत विवरण (Bio- data)

**निवेदक**

नाम थरः ......................

दस्तखतः ...............

मितिः .............

**आज्ञाले,**

**डिक प्रसाद दाहाल**

**रोङ गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत**